# सबैले सोधौँ उनीहरू कहाँ छन् ?

नेपालमा नागरिक बेपत्ता पारिने क्रम सात दशकदेखि भएको अभिलेख पाइन्छ। आजभन्दा करिब ७० वर्ष अघिदेखि मानव अधिकार विरोधी यस्तो कार्य हुँदै आएको छ। फरक यत्तिमात्र हो कि कुनै कालखण्डमा केही कम नागरिक यस्तो ज्यादतीबाट पीडित भए भने कुनै कालखण्डमा अत्यधिक बढी। २०५२ सालमा सशस्त्र द्वन्द्वको शुरूवात भएपछि बेपत्ता पारिने क्रम शुरु भयो।

दण्डहीनताको संस्थागत प्रश्रयका कारण मानव अधिकार उल्लङ्घनका गम्भीर घटनाहरूका बारेमा पनि राज्य संयन्त्र पूर्णत: मौन रहने परम्परा अद्यावधि कायमै छ। सशस्त्र द्वन्द्व अवधिभर राज्यद्वारा नागरिकहरू बेपत्ता पार्ने कार्य भयो। अर्कातर्फ, विद्रोही नेकपा माओवादी पनि नागरिकहरूलाई अपहरण गरी बेपत्ता पार्ने कार्यमा अग्रसर रह्यो। द्वन्द्वरत दुवैपक्षले रणनीतिको रूपमा बेपत्ता र अपहरण जस्ता मानव अधिकार विरोधी कार्य गरे। सरकार र नेकपा माओवादीले २०६३ मङ्सिर ५ गते विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गरेपछि सशस्त्र द्वन्द्वको औपचारिक रूपमा अन्त्य भयो। तर, सम्झौतामा उल्लेख भएबमोजिम बलपूर्वक बेपत्ता पारिएका मानिसहरूको अवस्था ६० दिनभित्र सार्वजनिक गरिने प्रतिबद्धताको कार्यान्वयनको प्रतीक्षामा रहेका पीडितका परिवारको आशा निराशामा परिणत हुँदै गएको छ। इन्सेकले प्रकाशन गरेको उनीहरू कहाँ छन् भाग ३ पुस्तकमा राज्यपक्षबाट र तत्कालीन विद्रोही पक्षबाट गरी बलपूर्वक बेपत्ता पारिएका ९ सय ३१ जनाको विवरण समाविष्ट छ।

इन्सेकले १९९२ देखि नै बर्सेनी नेपाल मानव अधिकार वर्ष पुस्तकमार्फत मुलुकमा भएको मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको अनुगमन प्रतिवेदनको सङ्क्षिप्त विवरण प्रकाशन गर्दै आएको छ। सशस्त्र द्वन्द्व होस् वा सङ्कटकाल इन्सेकले आफ्नो काम निरन्तर गरेको थियो।

दश वर्ष लामो सशस्त्र द्वन्द्व र त्यसपछिका दिनमा भएका गम्भीर मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका विषयहरू आजपर्यन्त राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय मानव अधिकार समुदायको सरोकार र चासोको विषय बनिरहेका छन्। त्यसबेला द्वन्द्वरत दुवै पक्षको दबाब वा त्रासका कारण मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका कैयन् घटनाहरू तत्कालै प्रकाशमा आउन सकेनन्। तिनको विषयमा जानकारी गराउन पीडितपक्षहरू सक्षम भएनन्।

सशस्त्र द्वन्द्वकालमा द्वन्द्वसँग सरोकार नै नभएका र त्यसयताका केही घटनाहरूको इन्सेकले विस्तृत अध्ययन गरेको थियो। तिनै अध्ययन तथा स्थलगत अनुपरीक्षणबाट प्राप्त तथ्यहरूका आधारमा बेपत्ता पारिएका केही घटनाको विवरण यहाँ संलग्न छ। विगतका गल्तीबाट पाठ सिक्दै त्यस्ता गल्ती भविष्यमा नदोहोरिउन भनी सुनिश्चित गर्नु राज्यको दायित्व हो। पीडितले सत्य थाहा पाउनुपर्छ र अपराधमा संलग्नलाई कानुनी दायरमा ल्याइनुपर्छ भन्ने मान्यता इन्सेकले राख्दै आएको छ। शान्ति सम्झौता भएको १५ वर्ष पूरा भइसक्दा पनि उनीहरूको अवस्थाका पत्ता लगाउने कार्यमा राज्य तथा राजनीतिक दलले उल्लेख्य काम गर्न सकेका छैनन्। त्यसैले हामी सबैले सोधौँ- 'उनीहरू कहाँ छन् ?'

## घाइते बोकाएर लगिएका फर्किएनन्



ठग्गा थारु



कलराम थारु



बाँधुराम थारु



बाबुराम थारु



कालीराम थारु

बर्दिया जिल्ला बाँसगढी नपा- ४ मदाहाका ३३ वर्षीय ठग्गा थारुलाई ०५९ असोज १६ गते राती रम्मापुरमा रहेको शाही नेपाली सेनाको टोलीले घरबाट निकाली आँगनमा कुटपिट गर्नुको साथै दुई राउण्ड गोली प्रहार गऱ्यो। गोली लागी आँगनमै ढलेका पीडितलाई आँगनमै रहेको खटियामा राखी भाइ कलराम, छिमेकी ४१ वर्षीय बाँधुराम थारु, २७ वर्षीय बाबुराम थारु, ठग्गा थारु र २७ वर्षीय कालीराम थारुलाई सुरक्षाकर्मीको टोलीले लिएर गयो। गोली लागी घाइते भएका ठग्गा थारु, उनका भाइ कलराम, छिमेकी ४१ वर्षीय बाँधुराम थारु, २७ वर्षीय बाबुराम थारु, गाउँले २७ वर्षीय कालीराम थारुको अवस्था त्यस दिन यता अज्ञात छ। घटनाको पाँच दिनपछि घर फर्किएका मदाहाका ठग्गा थारुले चिसापानी ब्यारेकमा अन्य पीडित पनि भएको पीडित पविारहरूलाई बताए। उनलाई हरेक दिन तारेखमा आउन आदेश थियो। तारेखमा जाँदा सैनिक ब्यारेकमा रहेका बाबुराम थारुले घरबाट कपडा ल्याइदिन अनुरोध गरेका थिए । कपडा र खानेकुरा लिएर ब्यारेकमा जाँदा सेनाले एकछिन पनि बस्न नदिएको र छातीमा बन्दुकको नाल ताकेर यहाँ ल्याएको छैन भन्दै धम्क्याएको पीडित परिवारले बतायो ।



## अनुत्तरदायी सुरक्षाकर्मी



बिहारी गोडिया

अयोध्याप्रसाद गोडिया

बाँके जिल्ला नरैनापुर गापा-६, घर भई इलाका हुलाक कार्यालय, भोजभगवानपुरका हुलाकी ५० वर्षीय बिहारी गोडियालाई माओवादीको आरोपमा ०६० कात्तिक १२ गते गङ्गापुरको दोन्द्रा संयुक्त सुरक्षा बेस क्याम्प सोनवर्षाका सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरे। सोही दिन बिहारीका छोरा २० वर्षीय अयोध्याप्रसाद गोडियालाई पनि माओवादीकै आरोपमा बिहान ६ बजे घरबाटै गिरफ्तार गरिएको थियो। शुरुमा भेट दिइएन पछि गिरफ्तार नै नगरिएको बताइयो। आमा सावित्री ०६० कात्तिक १७ गते संयुक्त सुरक्षा वेस क्याम्प सोनवर्षामा गइ सोध्दा पीडितहरू क्याम्पमै भएको बताइएपछि उनले दुवै जनाको कपडा लगेर क्याम्पमा बुझाएकी थिइन्। तर उनलाई कहिल्यै भेट्न दिइएन। केही समयपछि फेरि बुझ्न जाँदा गिरफ्तार नै नगरिएको सुरक्षाकर्मीले बताएका थिए। उनीहरूको अवस्था सार्वजनिक भएन।



## आशाको त्यान्द्रो जीवितै छ



गणेशबहादुर चौधरी

जनकबहादुर थारु

बर्दिया जिल्ला गेरुवा गाउँपालिका गणेशपुरका २० वर्षीय गणेशबहादुर चौधरी र उनका भाइ जनकबहादुर थारुलाई ठाकुरद्वाराबाट आएको शाही नेपाली सेनाको टोलीले ०५८ फागुन २३ गते घरबाटै हात पछाडि बाँधेर गिरफ्तार गऱ्यो। गिरफ्तार गर्नु अघि 'तिमीहरू माओवादी हौ, हतियार कहाँ छ ?' भनी मरणासन्न हुने गरी कुटपिट गरेका थिए। शाही नेपाली सेनाको टोली घरमा आउनु अघि मुखमा नकाव लगाएका तीन जना प्रहरी आएका थिए। उनीहरूले पीडित परिवारलाई 'कराए गोली हानी मारी दिने' धम्की दिँदै घरको कोठामा थुनेको पीडित परिवारले बतायो। छोराहरू बेपत्ता भएपछि लामो चिन्ताका कारण आमा रामवतिको मृत्यु भयो। शारीरिक अपाङ्गता भएकी छोरीको साहरा बनेका ७५ वर्षीय वृद्ध बाबु अझै पनि छोराहरू जीवतै फर्किहाल्छन् की भन्ने झिनो आशमा बाँचिरहेका छन्।

## उनीहरू कहिल्यै फर्किएनन्





प्रेमबहादुर थारु

उत्तम थारु

बर्दिया जिल्ला बाँसगढी नपा- ८ ककौराका २२ वर्षीय प्रेमबहादुर थारुलाई घरबाटै र २३ वर्षीय उत्तम थारुलाई मोतीपुर गाविस-७ बाट २०६० चैत ४ गते राती माओवादी कार्यकर्ताको एक समूहले अपहरण गऱ्यो। प्रत्यक्षदर्शीका अनुसार प्रेमबहादुर थारु, उत्तम थारु सहित चार जनालाई एक व्यक्तिको घरमा राखेको र राती सोही ठाउँको कुनैठी जङ्गलतिर ट्याक्टरमा राखेर लगिएको थियो। केही समयपछि ट्याक्टर खाली फर्केको थियो। त्यसयता पीडितहरूको अवस्था अज्ञात छ। डर र त्रासका कारण पीडित परिवारले माओवादीलाई केही सोध्नै सकेनन्। न त माओवादीले घटनाबारे केही बतायो।

## अमानवीयताको हद





रुपा सापकोटा

मेनुका कुमारी सापकोटा

रौतहट जिल्ला डुमरियाकी ३७ वर्षीया रुपा सापकोटा र उनकी छोरी १७ वर्षीया मेनुकाकुमारी सापकोटा पोखरेललाई जिल्ला प्रहरी कार्यालय रौतहटबाट चारओटा मोटरसाइकलमा चढेर सादा पोशाकमा आएका प्रहरीले २०५९ साल भदौ १७ गते बिहान घरबाट गिरफ्तार गरे। नौ महिनाकी गर्भवती छोरी मेनुकालाई सुत्केरी गराउन तथा स्याहार गर्न रुपा छोरीको घरमा आएकी थिइन्। घटनापछि पीडित परिवारले प्रहरी कार्यालयमा सम्पर्क गरेको भए पनि गिरफ्तार नगरिएको प्रहरीले जनायो।

## के भएको हो ? परिवारजनले कहिल्यै थाहा पाएनन्



प्रदेशनी थारु



सुशीला चौधरी



कलापती थारु

बर्दिया जिल्ला ठाकुरबाबा नपा-१ भुडकैयाकी १६ वर्षीया प्रदेशनी थारु, १८ वर्षीय सुशीला चौधरी, १८ वर्षीया कलापती थारुलाई २०५९ जेठ २५ गते राती ठाकुरद्वारा ब्यारेकबाट आएको शाही नेपाली सेनाको टोलीले उनीहरूकै घरबाट गिरफ्तार गरी लग्यो। उनीहरूले लगाएका लुगा जंगलभित्र खोलामा छरपस्ट फालिएको अवस्थामा भेटिएका कारण सामूहिक बलात्कार भएको हुनसक्ने पनि पीडित परिवारले आशंका गर्दै आएको छ। पीडित परिवारले डर त्रासको कारण कतै पनि खोजी गर्न सकेन। हालसम्म पनि उनीहरूको अवस्था अज्ञात छ।

## तामाङसँगै बेपत्ता पारिएका ४९ जना कहाँ छन् ?



बुद्धिबहादुर तामाङ

काभ्रे जिल्ला मादनकुँडारी-३ हरदन टोलका ३३ वर्षीय बुद्धिबहादुर तामाङ ०६० मंसिर १३ गतेदेखि बेपत्ता भए। संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपालले काठमाडौं महाराजगञ्जस्थित शाही नेपाली सेनाको ब्यारेकमा भएको स्वेच्छाचारी थुना, यातना र बेपत्तासम्बन्धी प्रतिवेदनमा तीनजना पूर्व थुनुवाले बुद्धि लामा तामाङले पाएको यातनाबारे एकै प्रकारको बयान दिएको उल्लेख छ। उनलाई डुकुछाप गाविस, ललितपुर जिल्लाबाट पक्राउ गरिएको र प्रत्यक्षदर्शीका अनुसार बुद्धि लामालाई यातना दिइएको कारण उनी सुत्न दिएको परालको कार्पेटमाथि पल्टिन पनि सकेनन्। रगत र पिपले ढाडमा टाँसिएको र पिन घुसारेको हुनाले उनका हातका औंलाका नङहरू सबै पाकेका थिए। भैरवनाथ गणबाट बेपत्ता पारिएका बुद्धि तामाङजस्तै ४९ जनाको अवस्था अज्ञात छ।

## जसलाई पानी खाँदै गर्दा गिरफ्तार गरी बेपत्ता बनाइयो



दाताराम तिम्सिना

मोरङ जिल्ला शनिश्चरे गाविस-१ का नेकपा माओवादी निकट अखिल नेपाल सांस्कृतिक सङ्घका केन्द्रीय उपाध्यक्ष ३३ वर्षीय दाताराम तिम्सिनालाई २०६० असोज १० गते दिउँसो ३ बजे विराटनगर उपमनपा-५ स्थित एक घरमा पानी खाँदै गरेको अवस्थामा जिप्रका मोरङ र शाही नेपाली सेनाको संयुक्त टोलीले गिरफ्तार गऱ्यो । उनलाई छिमेकको अर्को घरमा पुऱ्याई प्लाष्टिकको डोरीले हात बाँधी विराटनगर विमानस्थलतर्फ लगिएको स्थानीयले देखेका थिए। असोज २२ गते पूर्वी पृतना इटहरीमा देखिएका दातारामबारे त्यसयता कुनै सूचना प्राप्त भएन।